**सर्वोच्च अदालत, संवैधानिक इजलास**
**सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की**
**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**
**माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**
**आदेश**
**०७९-WC-०००६**
**विषयः उत्प्रेषणसमेत।**

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ बस्ने ऐ.को वडाध्यक्ष नगर कार्यपालिका सदस्य तथा नगर सभा सदस्य कन्हैया लाल यादव ......................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ बस्ने ऐ.नगर कार्यपालिकाको दलित महिला सदस्य तथा नगरसभा सदस्य रिता देवी ...........................................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर कार्यपालिकाको दलित अल्पसंख्यक सदस्य तथा नगर सभा सदस्य पुनीतराम हरिजन .................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर कार्यपालिकाको सदस्य ऐ.को वडाध्यक्ष तथा नगर सभा सदस्य मकबुल मिया अन्सारी ...............१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं.५ बस्ने ऐ.को नगर कार्यपालिकाको महिला सदस्य तथा नगर सभा सदस्य इन्दुकुमारी देवी श्रीवास्तव ....................१ — निवेदक
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर कार्यपालिकाको महिला सदस्य तथा नगर सभा सदस्य दयादेवी यादव ....................................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ९ बस्ने ऐ.को नगर कार्यपालिकाको अल्पसंख्यक सदस्य तथा नगर सभा सदस्य अजयप्रसाद वैरै ...........................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ८ बस्ने ऐ.को नगर कार्यपालिकाको महिला सदस्य तथा नगर सभा सदस्य जीना खातुन ........................................१
जिल्ला बारा, पचरौता नगरपालिका वडा नं.८ बस्ने ऐ.को वडाध्यक्ष तथा नगर कार्यपालिकाको सदस्य तथा नगर सभा सदस्य प्रेमनारायण चौधरी ....................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. २ बस्ने ऐ.को नगर कार्यपालिकाको महिला सदस्य तथा नगर सभा सदस्य सतीया देवी तत्मीन ..............................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ५ बस्ने ऐ.को नगर सभा सदस्य मंजित मंसुरी ..........................................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. २ बस्ने ऐ.को नगर सभा सदस्य मुना देवी पासवान ..............................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. २ बस्ने ऐ.को वडाध्यक्ष नगर कार्यपालिका एवं नगर सभा सदस्य एजाजुल अंसारी .....................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ बस्ने ऐ.को नगर कार्यपालिकाको सदस्य तथा नगर सभा सदस्य रामबालक प्रसाद यादव ..................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ बस्ने ऐ.को नगर कार्यपालिकाको महिला सदस्य तथा नगर सभा सदस्य सीयापती देवी .....................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ५ बस्ने ऐ.को नगर सभा सदस्य गेआसुदिन मिया अन्सारी .........................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ८ बस्ने ऐ.को नगर सभा सदस्य गायत्री देवी महरा ..................................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ८ बस्ने ऐ.को नगर सभा सदस्य रामएकवाल प्रसाद चौधरी ......................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ५ बस्ने ऐ.को नगर सभा सदस्य चनरकली देवी ................................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ८ बस्ने ऐ.को नगर सभा सदस्य राकेशकुमार यादव ...........................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. २ बस्ने ऐ.को नगर सभा सदस्य लक्ष्मी शाह कानू ......................................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. २ बस्ने ऐ.को वडाध्यक्ष नगर कार्यपालिकाको सदस्य तथा नगर सभा सदस्य मनोज यादव ............................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ५ बस्ने ऐ.को नगर सभा सदस्य पन्नालाल कुमार यादव .......................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर सभा सदस्य प्रदिप प्रसाद चौरसिया ...........................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर सभा सदस्य जैफति देवी ...............................................................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर सभा सदस्य अखिलेश प्रसाद यादव ...............................................................१

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ बस्ने ऐ.को नगर सभा सदस्य उडनवाज सहनी मलाहा ...............................................................१

**विरूद्ध**

पचरौता नगरकार्यपालिका, नगरपालिकाको कार्यालय, बनौली, बारा ......................१

पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...........................................१

पचरौता नगरपालिकाको नगर सभा, पचरौता नगरपालिकाको कार्यालय, बनौली बारा...............................................................................१

पचरौता नगरपालिकाको प्रमुख जलन्धर सिंह जैसवार, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................१

पचरौता नगरपालिकाको उपप्रमुख नसिमा खातुन, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................................१

पचरौता नगरपालिकाको सदस्य विनयकुमार सिंह, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................................१ प्रत्यर्थी

पचरौता नगरपालिकाको सदस्य धेनुक राउत कुर्मी, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................१

पचरौता नगरपालिकाको सदस्य लक्ष्मी यादव, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................................१

पचरौता नगरपालिकाको सदस्य बनारसी विन, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारी ...............................................................................१

पचरौता नगरपालिकाको सदस्य गगनदेव यादव, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...............................................................................१

पचरौता नगरपालिकाको सदस्य सचिव शाखा अधिकृत श्यामप्रसाद यादव, पचरौता नगरपालिकाको कार्यालय, बनौली, बारा ...................................................१

नेपालको संविधानको धारा १३३ र १३७ बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

**संक्षिप्त तथ्य**

१. पचरौता नगरपालिकाले नगर सभा र नगर कार्यपालिका बैठक सञ्चालनको लागि बनाएको कानून अलोकतान्त्रिक हुनुका साथै नेपालको संविधान र मधेश प्रदेशले बनाएको कानून विपरीत रहेको छ। स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नको

लागि संघीय संसदले बनाएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) ले नगर कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था गरेको छ। त्यसैगरी सभाको हकमा दफा १९(५) ले सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था गरेको छ। संघीय कानून बमोजिम मधेश प्रदेशको प्रदेश सभाले बनाएको गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ ले सभाको बैठकमा उपस्थित सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी उपस्थित नभएमा कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन भन्ने व्यवस्था गरेको छ।

२. उल्लिखित संघीय तथा प्रदेश कानूनको प्रतिकूल हुने गरी पचरौता नगरपालिकाले नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५ मा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपूरक संख्या पुगेको मानिने, गणपूरक संख्या नपुगेमा अर्को बैठकको सूचना गर्ने, सोमा पनि गणपूरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्ने उल्लेख छ। त्यसैगरी नगर कार्यपालिकाको हकमा नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ को नियम १० मा कार्यपालिकाको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित हुनुपर्ने, उपस्थित हुन नसकेमा दोस्रो पटकको बैठकमा एक चौथाइ सदस्य उपस्थित भएमा पनि बैठक बस्न सक्ने व्यवस्था उल्लेख भएको छ। पचरौता नगरपालिकामा १९ जना नगर कार्यपालिका सदस्य तथा पचास जना नगर सभा सदस्य रहेकोमा हामी निवेदक मध्येका १२ जना कार्यपालिका सदस्य तथा २७ जना सबै निवेदकहरु नगर सभा सदस्य रहेका छौं। विपक्षीहरूबाट उक्त कानूनको प्रयोग गरी पच्चीस प्रतिशतले बहुमत माथि निर्णय थोपरिने कार्य गर्दै आएको छ। बहुमत सदस्यलाई निर्णय प्रक्रियाबाट बाहिर राखेर पच्चीस प्रतिशतले शासन गर्नु लोकतन्त्र विपरीतको कार्य हो। नेपालको संविधानले राज्य संरचनाको कुनै पनि तहले संविधानसँग बाझिने गरी कानून बनाउन नहुने, प्रदेश र स्थानीय तहले संघीय कानूनसँग बाझिने गरी कानूनहरु बनाउन नहुने एवं स्थानीय तहले प्रदेश कानूनसँग बाझिने गरी कानून बनाउन नहुने प्रबन्ध गरेको हुँदा नगरपालिकाको उल्लिखित कानून नेपालको संविधानको धारा ५७ र १३३(१) सँग बाझिएको छ।

३. अतः पचरौता नगरपालिकाको नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ को नियम १०(६) को व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को १७(२) को व्यवस्थासँग र नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) को व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(५) तथा मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ सँग बाझिई संविधानको धारा ५७ विपरीत

रहेकोले धारा १३३(१) बमोजिम प्रारम्भ देखि नै अमान्य र बदर घोषित गरी पाउँ। उक्त स्थानीय कानूनको आधारमा गरिएको मिति २०७९।३।७ को नगर कार्यपालिकाको निर्णय, मिति २०७९।५।१० को निर्णय र ऐ. मितिको सबै वडा कार्यालयलाई लेखिएको च.नं.१५५ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ। प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म मिति २०७९।३।७ र मिति २०७९।५।१० का कार्यपालिकाको निर्णयहरु र सो बमोजिमको मिति २०७९।५।१० च.नं.१५५ को पत्र कार्यान्वयन नगर्नु नगराउनु एवं पच्चीस प्रतिशत सदस्य मात्र भई कुनै पनि निर्णय नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

४. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र प्रत्यर्थीहरुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) मा स्थानीय कार्यपालिकाको बैठकको गणपूरक संख्या र दफा १९(५) मा स्थानीय सभाको गणपूरक संख्याको व्यवस्था गरी तत्काल कायम रहेको सम्पूर्ण सदस्यको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिने कानूनी व्यवस्था रहेको देखिन्छ। तर प्रत्यर्थी पचरौता नगरपालिकाले जारी गरेको नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) ले कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा पनि नगर सभाको अधिवेशन बस्न सक्ने व्यवस्था गरेको र नगरकार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ को नियम १०(६) मा एक चौथाई सदस्य उपस्थित भएमा नगरकार्यपालिका बैठक बस्न सक्ने गरी व्यवस्था भई सो व्यवस्था अनुसारको गणपूरक संख्यालाई आधार मानी नगरकार्यपालिकाको बैठकसमेत बसी विभिन्न निर्णयहरु समेत गरेको पाइयो। गणपूरक संख्याको सम्बन्धमा पचरौता नगरपालिकाले जारी गरेको नगर सभा सञ्चालन कार्यविधि, २०७५ र नगरकार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ ले गरेको उक्त व्यवस्थाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ अनुकूल रहेको नदेखिंदा पचास प्रतिशत भन्दा घटी संख्यालाई गणपूरक संख्या कायम गर्ने गरी प्रावधान समावेश गरिएको हदसम्म पचरौता नगरपालिकाले जारी गरेको उपरोक्त उल्लिखित कार्यविधि तथा नियमावली प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु अर्थात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ अनुकूल हुने गरी गणपूरक संख्या कायम गरी कार्य सञ्चालन गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९(४) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको

छ। प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई नियमानुसार गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७९।९।१३ मा भएको आदेश।

५. संघीय संरचनामा माथिल्लो तहले बनाएको कानून र तल्लो तहले बनाएको कानून बाझिएमा माथिल्लो तहले बनाएको कानून लागू हुने व्यवस्था नेपालको संविधानको धारा ५७(६) र (७) मा गरिएको हो। संविधानको धारा १३३(१) को प्रयोग गर्दा वा सो अधिकार अन्तर्गत आदेश जारी गर्दा धारा ५७ को राज्य शक्तिको बाँडफाँडको व्यवस्थालाई साथै राखी हेरिनु पर्छ। एकल अधिकारको सूचीमा भएको विषयमा संविधानसँग बाझिएको अवस्थामा बाहेक संघ र प्रदेश कानूनसँग बाझिएको भन्दै संवैधानिक चुनौती दिन सकिदैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ले गरेको व्यवस्था भनेको नेपालको संविधानको धारा २१८ बमोजिम नगरकार्यपालिकाले कार्य सञ्चालन सम्बन्धी आफ्नो कानून तर्जुमा नगरेको अवधिको लागि मात्र लागू हुन्छ। नगरकार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ जारी भईसकेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐनको दफा १७ को व्यवस्था लागू हुन सक्दैन। स्थानीय तहले आफ्नो कानून निर्माण गरेकोमा सोही बमोजिम मात्र कार्य सञ्चालन हुन्छ। यस सम्बन्धमा प्रदेश वा संघलाई कानून बनाउने अधिकार संविधानले दिएको छैन। नेपाल सरकारले सबै कार्यपालिकाको लागी पठाएको नमुना कानूनको दफा १०(६) मा समेत पहिलो पटक बैठक बोलाउदा गणपूरक संख्या नपुगेमा दोस्रो पटक बैठक बस्दा एक चौथाई सदस्य भए पुग्ने व्यवस्था रहेको छ। सोही अनुरुप हामीहरु निर्वाचित हुनु भन्दा अगावै विपक्षीहरुमध्ये केही स्वयंले गणपूरक संख्या सम्बन्धी कानून तर्जुमा गरेको हो। नगर सभा सञ्चालनको अधिकार संविधानको धारा ५७(४) र अनुसूची-८ को खण्ड १२ मा उल्लेख भएको स्थानीय तहको अधिकार क्षेत्रको विषयमा समावेश भएको छ। यस सम्बन्धमा संविधानको धारा २२७ ले सो सम्बन्धी कानून बनाउने अधिकार संघलाई नभई प्रदेश तहलाई दिइएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को दफा १९(११) मा नै प्रदेश कानून नबनेसम्म मात्र दफा १९ को व्यवस्था लागू हुने उल्लेख छ। प्रदेश कानून बनेपछि स्वतः निस्कृय भएको कानून अनुरुप गरी पाए भनी दायर भएको रिट खारेजभागी छ। व्यवस्थापिकामा गणपूरक संख्या सामान्यतया पच्चीस प्रतिशत हुने व्यवस्था नेपालको संविधानले गरेको छ। यो कुरा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको लागी धारा ९४ ले र प्रदेश सभाको लागी धारा १८५ मा पच्चीस प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुरा हुने व्यवस्था गरेबाट समेत स्थानीय तहमा बहुमत उपस्थित हुनै पर्ने भनी अनिवार्य गर्न मिल्दैन। पचरौता नगर व्यवस्थापिकाको लागी पहिलो पटकको लागि बहुमत नै चाहिने व्यवस्था भएको छ। यदि पहिलो पटक गणपूरक संख्या पुरा नभएमा दोस्रो पटक बैठक बस्दा पच्चीस प्रतिशत भए पुग्ने व्यवस्था गरिएको हो। संघीय कानूनमा पहिलो पटकको बैठक सम्बन्धी मात्र व्यवस्था छ। संघीय कानूनले एकपटक गणपूरक संख्या नपुगेमा के हुने उल्लेख नगरी त्यस्तो विषयमा कानून बनाउने अधिकार स्थानीय तहलाई सुम्पेको छ। हाम्रो संवैधानिक अभ्यास तथा संघ र प्रदेशको सभाको बैठकमा

भएको गणपूरक संख्या सम्बन्धी व्यवस्थाको आधारमा स्थानीय कानून संविधान अनुकूल छ। संघीय कानून र प्रदेश कानूनसँग बाझिएको छैन। रिट निवेदनकर्ताहरु बैठकको सूचना दिँदा नआउने तर गणपूरक संख्या पुरा नभएको भन्दै अदालत आउनु भएको छ। यसबाट विपक्षीहरु सफा हात नलिई आउनु भएको स्पष्ट छ। हामीहरुबाट संविधान र कानून विपरीतको कार्य नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थीहरुको संयुक्त लिखित जवाफ।

## यस अदालतको आदेश

६. नियमबमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत रिट निवेदनका सन्दर्भमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान अधिवक्ताहरु श्री उज्वल घिमिरे र श्री पूर्ण राजवंशीले नेपालको संविधानको धारा ५७ मा स्थानीय तहले बनाएको कानून संघीय कानून र प्रदेश कानूनसँग बाझिन नहुने उल्लेख छ; स्थानीय सरकार सञ्चालन ऐनको दफा १७(२) र १९(५) अनुसार नगर सभा र नगर कार्यपालिकाको बैठकको गणपूरक संख्याको लागि पचास प्रतिशत सदस्यको उपस्थिति हुनु पर्नेमा सो विपरीत पचरौता नगरपालिकाले बनाएको नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) र नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६)मा पच्चीस प्रतिशत सदस्य उपस्थित भए पनि बैठक बस्न सक्ने उल्लेख गरेको छ; पचरौता नगरपालिकाले संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको विषयमा कानून बनाएको भए पनि सो कानून प्रदेश र संघको कानूनसँग बाझिएको अवस्थामा अमान्य र बदर हुन्छ; संघीय कानून र प्रदेश कानूनले स्पष्ट रुपमा गरेको गणपूरक सम्बन्धी व्यवस्था विपरीत पच्चीस प्रतिशत सदस्य उपस्थित भए पनि नगर कार्यपालिका र नगर सभा सञ्चालन गर्न सकिने गरी पचरौता नगरपालिकाले गरेको कानूनी व्यवस्था अलोकतान्त्रिक एवं असंवैधानिक भएकोले अमान्य र बदर गरी सो बमोजिम भएका निर्णय र परिपत्रहरुसमेत बदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

७. प्रत्यर्थी पचरौता नगरपालिकाको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री रमेश बडाल, श्री ईश्वरी प्रसाद भट्टराई, श्री देवेन्द्र सिंह तथा विद्वान अधिवक्ता श्री आशिष अधिकारीले नेपालको संविधानको अनुसूची-८ को बुँदा नं. १२ ले नगर सभा सम्बन्धमा स्थानीय तहलाई पूर्ण अधिकार दिएको छ; धारा ५७(३) र (५) का साझा सूचीका विषयमा संघको कानूनसँग बाझियो भनी अदालतमा आउन मिल्छ तर उपदफा (२) र (४) का एकल अधिकारको विषयमा मिल्दैन; पूर्ण अधिकारको विषयमा संविधानसँग बाझिएमामात्र अदालत आउन मिल्छ, ऐनसँग बाझियो भन्दैमा आउन मिल्दैन; संविधानको धारा २१८ अनुसार नगरकार्यपालिकाको कार्यसञ्चालन नगर कार्यापालिकाले बनाएको नियमावली बमोजिम हुन्छ; संविधानले स्थानीय तहलाई दिएको अधिकार संघ र प्रदेशबाट नियन्त्रण हुने होइन; धारा २२१, २२६ र २२७ ले अनुसूची-८ र ९ को विषयमा स्थानीय तहले कानून बनाउन सक्ने उल्लेख भएकोले पनि

स्थानीय तहको सभा सञ्चालनमा संघीय कानून लागू हुने होइन; स्थानीय तह आफ्नो सभा र कार्यपालिका बैठकको गणपूरक संख्या तोक्न स्वतन्त्र छ; नेपालको संविधानको धारा ९४ र १८५ ले पनि संघीय संसदको गणपूरक संख्या पच्चीस प्रतिशत नै हुने उल्लेख गरेको छ; स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ प्रदेशले सम्बन्धित कानून नबनाएसम्मको लागि हो; पच्चीस प्रतिशतको सभाले पारित गरेको पारिश्रमिक र बजेट लिएर जाने तर अन्य कुरा मान्दिन भन्न विपक्षीहरुलाई विवन्धनको सिद्धान्तले दिँदैन; पचरौता नगरपालिकाको मात्र होइन अन्य नगरपालिकाको पनि यस्तै कानून रहेको छ; नेपाल सरकारले पठाएको नमूना कानूनमा पनि पचरौता नगरपालिकाले बनाएको कानून अनुसारको नै व्यवस्था रहेको छ; विपक्षीहरुले रिट निवेदकले बोलाएको बैठकमा नजाने तर पटक पटक उच्च अदालत र सर्वोच्च अदालतमा रिटहरु दर्ता गर्ने गर्नु भएको छ; नगरपालिकाले बनाएको सभा र कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कानूनको गणपूरक संख्या सम्बन्धी व्यवस्था संविधान, संघीय कानून र प्रदेश कानूनसँग नबाझिएकोले रिट निवेदन र अदालतबाट जारी भएको अन्तरिम आदेश बदर हुनु पर्छ भनी गर्नु भएको बहस सुनियो।

८. प्रस्तुत विवाद जिल्ला बारा अन्तर्गत पचरौता नगरपालिकाले निर्माण गरेको नगर सभा र नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धमा गरिएको गणपूरक संख्या सम्बन्धी व्यवस्थासँग सम्बन्धित देखिन्छ। निवेदनमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२), दफा १९(५) तथा मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५ ले नगर सभा र नगर कार्यपालिका बैठकको लागी पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित हुनु पर्ने व्यवस्था गरेकोमा पचरौता नगरपालिकाको **नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) र नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को नियम १०(६) ले** बैठक सञ्चालनको लागी पचास प्रतिशत सदस्य उपस्थिति नभएमा त्यसपछि बोलाइएको बैठकमा पच्चीस प्रतिशत सदस्य उपस्थित भए पनि गणपूरक संख्या पुग्ने भनी संघ र प्रदेश कानून विपरीत अलोकतान्त्रिक तथा असंवैधानिक व्यवस्था गरेकोले नगरपालिकाको सो कानूनी व्यवस्था अमान्य र बदर गरी सो बमोजिम भए गरेका काम कारबाहीसमेत बदर गरी पाउँ भन्ने जिकिर छ। प्रत्यर्थीहरुको लिखित जवाफमा नेपालको संविधानको धारा ५७ र अनुसूची-८ को क्र.सं. १२ र धारा २१८ ले स्थानीय तहलाई दिएको अधिकार अनुसार स्थानीय तहले संविधान विपरीत नहुने गरी सभा सञ्चालन र कार्यपालिका बैठक सञ्चालन गर्ने कानून बनाउन सक्छ। स्थानीय तहको सभाको गणपूरक संख्या सम्बन्धमा संघको कानून अनुसार हुनु पर्ने नभएकोले रिट निवेदन खारेज हुनु पर्छ भन्ने जिकिर लिइएको पाइन्छ।

९. निवेदक र प्रत्यर्थीहरुबाट गरिएको बहस जिकिर र मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा देहायको प्रश्नहरु निरुपण गर्नुपर्ने देखिन्छ:

क. गणपूरक संख्याको अवधारणा के हो? यसको आवश्यकता र सान्दर्भिकता के हो? गणपूरक संख्याको बारेमा गरिएका संवैधानिक व्यवस्था के कस्ता छन्?

ख. प्रत्यर्थी पचरौता नगरपालिकाले बनाएको नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) र नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६) मा भएको व्यवस्था मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) र दफा १९(५) तथा नेपालको संविधानसँग बाझिएको छ वा छैन?

ग. रिट निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन?

१०. **सर्वप्रथम गणपूरक संख्याको अवधारणा के हो? यसको आवश्यकता र सान्दर्भिकता के हो? गणपूरक संख्याको बारेमा गरिएका संवैधानिक व्यवस्था के-कस्ता छन्?** भनी हेर्दा कोरम (Quorum) अर्थात् गणपूरक संख्या कुनै पनि प्रतिनिधिमूलक संस्थाले कानूनी रुपमा कार्य गर्नको लागि वा गरेको कार्यले वैधता पाउनको लागि चाहिने न्यूनतम संख्या हो। यो संख्याको सम्बन्ध बहुमतको शासनसँग छ। यसको आशय प्रतिनिधिमूलक संस्था यथार्थमा प्रतिनिधिमूलक नै रहोस्; बहुमतको नाममा त्यसभित्र रहेको सानो अगुवा समूह (Elite group) ले मनपरी गर्न नपाओस् भन्ने हो। ऐतिहासिक सन्दर्भमा हेर्दा गणपूरक संख्या सम्बन्धी व्यवस्थाको शुरुवात संसदको कारबाहीको नियमनलाई लिएर गरिएको देखिन्छ। बेलायतको सन्दर्भमा राजाको शक्तिको क्षयीकरण, संसदको कार्यबोझमा वृद्धि, समय व्यवस्थापन र सांसदको सहभागिता आदि कुराहरु गणपूरक संख्या निर्धारणको लागि कारक रहेको पाइन्छ। शुरुमा संसदको कारबाहीको वैधतासँग जोडिएको यो व्यवस्था आजभोलि संसदको सन्दर्भमा मात्र नभई सो बाहेकका प्रतिनिधिमूलक संस्थाहरुको हकमा समेत आकर्षित हुने देखिन्छ।

११. गणपूरक संख्याको महत्वपूर्ण पक्ष प्रतिनिधित्वमूलक संस्थामा गरिने कार्यको पारदर्शिता र स्वच्छताको सुनिश्चितता हो। लोकतान्त्रिक संस्थाहरु आफूलाई स्थापना गर्ने नागरिकका प्रतिनिधि हुन् भने ती संस्थाहरुका काम कारबाहीहरु पनि कानून र निश्चित कार्यविधिगत मापदण्डमा आधारित हुनुपर्छ। अर्थात् उनीहरुका आन्तरिक कारबाहीहरु पनि कानूनसम्मत हुनुपर्छ। प्रतिनिधिमूलक संस्थाको लागि गरिने आवधिक निर्वाचनले यस्तो संस्थाको कार्य सञ्चालनमा कानूनी वैधता (De jure legitimacy) प्रदान गर्छ भने गणपूरक संख्याले ती संस्थाका कार्यहरु यथार्थमा प्रतिनिधिमूलक छन् भनी तथ्यगत रुपमा वैधता (De facto legitimacy) प्रदान गर्दछ। गणपूरक संख्या सभाको कार्य सञ्चालन वैध रुपमा गर्नको लागि पहिले नै तय भएको सम्पूर्ण सदस्य संख्याको हिस्सा हुँदा यसको निर्धारणले ती संस्थाको कार्यमा तथ्यगत वैधता प्रदान गर्दछ।

१२. लोकतन्त्रका धरोहरका रुपमा रहेका प्रतिनिधिमूलक संस्थाहरुमा खुला र व्यवस्थित छलफल होस्, समयको सहि उपयोग गरी निर्णय गरिने विषयलाई विभिन्न कोणबाट चिरफार गर्न

सकियोस्, निर्णय पारदर्शी र वस्तुनिष्ठ रुपबाट गरियोस् र छलफलमा सबै सदस्यहरुलाई समान अवसर प्राप्त होस्, चाहे बहुमतमा होस् वा अल्पमतमा कसैलाई अर्काको विचारलाई रोक्ने निषेधात्मक विशेषाधिकार प्राप्त नहोस्, अल्पमतको पनि राम्रो सुनुवाइ होस् भन्ने अभिप्राय रहन्छ र रहनुपर्छ[1]। यस बारेमा विद्वान विल्किन्सन ग्रे को भनाई छः "the parliamentary form of government is based essentially on freedom of discussion, freedom of speech, freedom to evaluate, to criticize, to protect, to act or to rescind action. Further it is based on the recognition of the fact that no one member or group of members has the rights or privileges that may be denied any other member or group of members, and that minorities have privileges as great as the majorities."[2]

१३. आधुनिक लोकतन्त्रमा प्रतिनिधिमूलक संस्थाको गणपूरक संख्याको विषयमा यस्तै हुनुपर्छ, अर्थात् यो संख्या यति नै हुनुपर्छ भन्ने सर्वव्यापी नियम त छैन। तर यस विषयमा के गर्ने, गणपूरक संख्या कति गर्ने भन्ने चाहिं सामान्यतः ती संस्थाको गठन र कार्य सञ्चालन सम्बन्धी वैधानिक दस्तावेज मार्फत नै गरिएको हुन्छ[3]। उदाहरणको लागि, संघीय संसद वा प्रदेश संसदको गणपूरक संख्या संविधानमा नै व्यवस्था गरिएको पाइन्छ भने अन्य संस्थाको हकमा ती संस्थाको संस्थापना गर्ने ऐन, नियम वा विनियममा व्यवस्था गरिएको हुन्छ। सामान्य रुपमा हेर्दा सदस्य संख्या तलमाथि भैरहने संस्थामा प्रतिशतको आधारमा र सो नभै संख्या स्थीर रहने संस्थाको हकमा निश्चित संख्यालाई आधार गरी गणपूरक संख्या तोकिने गरिएको पाइन्छ।

१४. यसै सन्दर्भमा गणपूरक संख्याको तात्पर्य लोकतान्त्रिक वैधतासँग छ र यो वैधता बहुमतबाट गरिने निर्णय मार्फत प्राप्त हुन्छ भने बहुमत भनेको के हो? यो सम्पूर्ण संख्याको बहुमत हो वा उपस्थित भई मत हाल्ने सदस्यहरुको बहुमत हो? यदि उपस्थित भई मत हाल्ने व्यक्तिहरुको बहुमत हो भने उपस्थित हुनुपर्ने न्यूनतम संख्या कति हो? भन्ने प्रश्नहरु उत्पन्न हुन्छन्। तथापि के कति संख्यालाई गणपूरक संख्या मान्नु पर्ने हो भन्ने बारेमा भने लोकतान्त्रिक मुलुकहरुमा एकै दृष्टिकोण भने रहेको पाइँदैन। संस्थाको स्वरुप, सो संस्थाले गर्ने कार्य, सो कार्यको गम्भीरता, सम्बन्धित मुलुकले अपनाइ आएको परम्परा आदिले त्यस्तो गणपूरक संख्या के कति हुने भन्ने कुरा निर्धारण गर्दछ। तर यदी सम्बन्धित दस्तावेजमा सो बारे कुनै कुरा लेखिएको छैन भने सम्पूर्ण सदस्यहरुको बहुमतलाई गणपूरक संख्याको रुपमा लिनुपर्ने हुन्छ। सिद्धान्ततः

---

[1] Vermeule, Adrian,"Absolute Majority Rules",*British Journal of Political Science*, vol. 37, no. 4, 2007, pp. 643–58 available at < *JSTOR*, http://www.jstor.org/stable/4497316>; see also; "Quorum is an essential device of assuring adequate participation of the individual and thus assuring government of majority rule and minority protection" in William Paul White, "History and philosophy of the quorum as a device of parliamentary procedure", University of Montana, *Scholar Works at University of Montana*, available at <https://scholarworks.umt.edu/cgi/viewcontent.cgi?article=6114&context=etd>

[2] Giles Wilkeson Gray, "A philosophy of parliamentary law", *Quarterly Journal of Speech*, 1941, vol. 27, no. 3, pp 437-44; see also William Paul White, "History and philosophy of the quorum as a device of parliamentary procedure", University of Montana, *Scholar Works at University of Montana*, p3

[3] William Paul White, 'History and philosophy of the quorum as a device of parliamentary procedure' University of Montana, Scholar Works at University of Montana, available at </https://scholarworks.umt.edu/cgi/viewcontent.cgi?article=6114&context=etd>

कुनै संस्थामा गरिने छलफलको लागि गणपूरक संख्या पुगेको छ वा छैन भन्ने प्रश्न उठेमा सो कुराको निर्धारण छलफलको अध्यक्षता गर्ने व्यक्तिले गर्दछ; सदस्यहरुको काम अध्यक्षको ध्यानाकर्षण गराउनेसम्म हुन्छ भन्ने गरिन्छ। गणपूरक संख्या पुगेको छैन वा कायम छैन भन्ने प्रश्न उठेपछि सो सभाले सीमित कार्यहरु जस्तो बैठक स्थगित गर्ने, अर्को बैठक कहिले बोलाउने वा गणपूरक संख्या पुऱ्याउन के गर्ने भन्ने जस्ता विषयमा निर्णय गर्ने बाहेक अन्य कार्य गर्न सक्दैन।

१५. गणपूरक संख्याको विषयमा तुलनात्मक संवैधानिक कानूनमा रहेका व्यवस्थाहरु हेर्दा विविध व्यवस्थाहरु भेटिन्छन्। उदाहरणको लागि, अस्ट्रेलियाको संघीय व्यवस्थापिका (सिनेट र प्रतिनिधिसभा) मा गणपूरक संख्याको लागि एक तिहाइ विधायकहरु उपस्थित हुनुपर्छ तर यो व्यवस्थालाई कानूनद्वारा घटाउन सकिने हुँदा हाल प्रतिनिधिसभामा २० प्रतिशत सदस्यको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिन्छ। अस्ट्रियामा सामान्य विधेयक र संविधान संशोधनको लागि गणपूरक संख्या[4] फरक गरिएको छ[5]। क्यानडामा हाउस अफ कमन्सको गणपूरक संख्या प्रतिशतमा नभै संख्यामा कायम गरिएको छ जुन २० सदस्य हो, सिनेटको हकमा यो संख्या १५ हो[6]। त्यसैगरी बेलायतमा हाउस अफ कमन्समा गणपूरक संख्या ४० सदस्य हो। त्यसैगरी जर्मनीमा ५० प्रतिशतलाई वुन्डेस्टयागमा गणपूरक संख्या मानिएको छ। व्यवहारमा भने सो संख्या कम हुँदा पनि कसैले आपत्ति नगरेसम्म काम रोकिँदैन। संयुक्त राज्य अमेरिकामा प्रतिनिधिसभाको हकमा सिट खाली नभएमा २१८ सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिएको छ भने सिनेटको हकमा संविधानले नै बहुमत सदस्यको उपस्थितिलाई कार्य सञ्चालनको लागि आवश्यक मानेको छ[7]।

१६. दक्षिण एशियाली देशहरुमा गरिएको व्यवस्था हेर्दा अफगानिस्तानमा लोय जिर्गामा बहुमत सदस्यहरुको उपस्थितिमा मात्र गणपूरक संख्या पुगेको मानिन्छ[8]। बङ्गलादेशमा ६० सदस्यको उपस्थितिलाई संसदको कार्य सञ्चालनको लागि गणपूरक संख्या मानिएको पाइन्छ[9] भने भारतमा दश प्रतिशत सदस्यको उपस्थितिले संसदमा गणपूरक संख्या पुऱ्याउछ[10]। भुटानमा दुई तिहाई

---

[4] अष्ट्रेलियाको संविधान धारा २२ र ३९

[5] House of Representatives (Quorum) Act 1989, Senate (Quorum) Act 1991, Australia

[6] The Constitution Act, 1867, Canada

[7] संयुक्त राज्य अमेरिकाको संबिधान, धारा १(५); see also "Article I, Section 5 of the Constitution requires that a quorum (51 senators) be present for the Senate to conduct business" in Congressional Research Service, Voting and Quorum Procedures in the Senate, March 2020 available at <https://crsreports.congress.gov/product/pdf/RL/96-452>

[8] अफगानिस्तानको संविधान धारा १०६, ११३, ११४

[9] बङ्गलादेशको संविधान धारा ७५

[10] भारतको संविधान धारा १००

सदस्यको उपस्थितिलाई संसदको गणपूरक संख्या मानिएको पाइन्छ[11]। माल्दिभ्समा पच्चीस प्रतिशतको उपस्थितिलाई मजलिसमा गणपूरक संख्या मानिएको छ तर नागरिकद्वारा पालना गरिनुपर्ने कुनै कुरामा मतदान गर्न बहुमत सदस्यको उपस्थिति आवश्यक हुने व्यवस्था त्यहाँको संविधानले गरेको छ[12]। पाकिस्तानमा राष्ट्रिय सभामा एक चौथाई सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिएको देखिन्छ[13]। नेपालको सन्दर्भमा हेर्दा संघीय र प्रदेश संसदको गणपूरक संख्या २५ प्रतिशतलाई मानिएको छ[14]। यसरी हेर्दा विभिन्न मुलुकहरुले संसदको गणपूरक संख्याबारे फरक-फरक व्यवस्था गरेको पाइन्छ। साथै फरक-फरक कार्यको लागि गणपूरक संख्या फरक रहेको पनि भेटिन्छ। उदाहरणको लागि, केही विशेष कार्यहरु जस्तो संविधानको संशोधन तथा महाअभियोगको प्रस्ताव पारित गर्ने सन्दर्भमा गणपूरक संख्या सामान्य अवस्थामा भन्दा फरक राख्ने परिपाटि पनि संविधानहरुमा भेटिन्छ भने विधेयक पारित गर्ने लगायतका सामान्य संसदीय गतिविधिमा सो भन्दा खुकुलो व्यवस्थाहरु रहेको पाइन्छ। साथै संविधान र कानूनहरुमा गणपूरक संख्याको निर्धारण कसरी गर्ने, सो संख्या नपुगेमा के गर्ने, कसरी सो संख्या पुऱ्याउने प्रयास गर्ने भन्ने व्यवस्था गरिएको पनि पाइन्छ।

१७. उपर्युक्त सैद्धान्तिक सन्दर्भ र तुलनात्मक संवैधानिक कानूनमा रहेका व्यवस्थाहरुबारे संक्षिप्त चर्चा पछि अब, **प्रत्यर्थी पचरौता नगरपालिकाले बनाएको नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) र नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६) मा भएको व्यवस्था मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) र दफा १९(५) तथा नेपालको संविधानसँग बाझिएको छ वा छैन**? भन्ने प्रश्नतर्फ विचार गरौं। यो प्रश्नको निरुपण संविधानको व्यवस्थाको रोहमा गरिनुपर्ने देखिन्छ। नेपालको संविधानले नेपाललाई "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा हेरेको छ र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य संविधानले राखेको छ। नेपालको संविधानद्वारा अङ्गिकार गरिएको संघीयता र सो अन्तर्गत स्थानीय तहको स्वरुप बारेमा *केशवचन्द्र समाल* समेतले दर्ता गरेको रिट निवेदनमा[15] यस इजलासले "**संविधानले परिकल्पना गरेको संघीय व्यवस्थाले**

---

[11] भुटानको संविधान धारा १०, २२

[12] माल्दिभ्सको संविधान धारा ८६, धारा ८७

[13] पाकिस्तानको संविधान धारा ५५

[14] नेपालको संविधान धारा ९४ र १८५

[15] केशव चन्द्र समाल समेत विरुद्ध सिस्ने गाउँ कार्यपालिका, सिस्ने गाउँपालिकाको कार्यालय रुकुमकोट समेत भएको रिट निवेदन (०७७-WC-००५२) निर्णय मिति २०७८।०६।०१

**परम्परागत द्वैध संघीयता (Dual Federalism) लाई अस्वीकार गर्दै सशक्त स्थानीय तह सहितको बहु-तह संघीयता(Multi-level Federalism)को अवधारणालाई अङ्गिकार गरेको देखिन्छ। संविधानमा उल्लेखित स्थानीय तह सशक्त यस मानेमा छ कि, परिकल्पित स्थानीय तहको संरचना परम्परागत संघीयतामा जस्तो प्रदेशको सृजना र उसैको नियन्त्रणमा रहने संरचना (Creature of the State) होइन" भन्दै** संविधानद्वारा सृजित स्थानीय तहहरुलाई आवश्यक कार्यपालिकी, विधायिकी र न्यायिक अधिकारहरु प्रदान गर्ने अत्यन्त कम मुलुकहरुमा नेपाल पर्ने भएबाट स्थानीय तहहरुको सञ्चालनमा संघ र प्रदेशले आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने, तर यिनीहरुले स्थानीय तहलाई निलम्वन वा खारेज गर्न भने नसक्ने हुँदा नेपालले अङ्गिकार गरेको बहु-तह संघीयतामा स्थानीय तहहरु सशक्त स्थानीय इकाईको रुपमा संस्थापित छन् भन्ने व्याख्या गरेको छ। नेपालको संघीय संरचनाको बारेमा गरिएको उपर्युक्त व्याख्यामा बिमति जनाउनुपर्ने कुनै कारण देखिदैन।

१८.नेपालले अङ्गिकार गरेको संघीयताको उपर्युक्त संरचनामा रहेर स्थानीय तहको विधायिकी अधिकार बारेमा हेर्दा संविधानको धारा ५७ को उपधारा (४) अन्तर्गत स्थानीय तहको एकल अधिकार अनुसूची-८ अन्तर्गतको विषयमा र उपधारा (५) अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ अन्तर्गतको विषयमा रहने कुरा उल्लेख गरिएको देखिन्छ। धारा ५७ का उपधारा (६) र (७) ले साझा अधिकारको हकमा जसरी तल्लो तहले बनाएको कानून संविधानको अतिरिक्त माथिल्लो तहले बनाएको कानूनसँग बाझिन नहुने व्यवस्था गरेको छ त्यस्तो व्यवस्था उपधारा (२) र (४) अन्तर्गत एकल अधिकारको हकमा गरिएको पाइदैन। उपधारा (४) अन्तर्गत स्थानीय तहको एकल अधिकारको विषयमा त्यस्तो अधिकारको प्रयोग "संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था संविधानमा गरिएको पाइन्छ। यसबाट अनुसूची-८ को क्रमसंख्या १२ मा गाउँ सभा, नगर सभा, जिल्ला सभाको व्यवस्थापनको विषय स्थानीय तहको एकल अधिकारको विषय रहेछ र यस बारेमा स्थानीय तहले कानून निर्माण गर्न सक्ने रहेछ भन्ने स्पष्ट हुन आउछ। यो कुराको पुष्टि धारा २२६ को उपधारा (१) मा अनुसूची-८ र ९ को विषयमा गाउँ सभा र नगर सभाले कानून बनाउन सक्ने व्यवस्था रही उपधारा (२) मा त्यस्तो कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुने भन्ने उल्लेख भएबाट प्रक्रियाको विषयमा प्रदेश कानूनले व्यवस्था गरेको अवस्थामा सो बमोजिम र अन्यथा संविधानले निर्धारण गरेको परिधि र सीमाभित्र रही कानून बनाउन सक्ने गाउँ सभा र नगर सभाको अधिकारमा कुनै नियन्त्रण वा संकुचन रहे भएको पाइदैन। गाउँ र नगर कार्यपालिकाको कार्यसम्पादन पनि संविधानको धारा २१८ बमोजिम गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम हुने व्यवस्था रहेकोबाट स्थानीय

तहको व्यवस्थापकीय र कार्यपालिकी कार्यको व्यवस्थापन र नियमन गर्न सो तहका सम्बन्धित निकायहरु सक्षम नै रहेको देखिन्छ।

१९. निवेदकले पचरौता नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५ र पचरौता नगरपालिकाको नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६) को व्यवस्था संघीय कानून र प्रदेश कानूनसँग बाझियो भनी जिकिर लिएको सन्दर्भमा संघ र प्रदेशको कानूनले स्थानीय तह (गाउँ र नगर)का कार्यपालिकी तथा विधायिकी संरचनाको बारेमा गरेको कानूनी व्यवस्था र पचरौता नगरपालिको नगर सभा र नगर कार्यपालिका सम्बन्धी कानूनी व्यवस्थाबारे चर्चा गर्नु आवश्यक देखिन्छ। संघ, प्रदेश र स्थानीय तहद्वारा निर्मित कानूनको सान्दर्भिक अंश तलको बक्समा दिइएको छ।

**स्थानीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७**

बैठक र निर्णय : (१) कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ।

**(२) कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।**

(३) कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ।

(५) कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुनेछ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९**

**सभाको बैठकः** (१) सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ। (२) सभाको बैठक अध्यक्ष वा प्रमुखले बोलाउनेछ।

(३) सभाका एक तिहाई सदस्यहरूले सभाको बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष वा प्रमुख समक्ष विषय वा कारण खुलाई लिखित अनुरोध गरेमा पन्ध्र दिनभित्र अध्यक्ष वा प्रमुखले सभाको विशेष बैठक बोलाउनु पर्नेछ।

(४) सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक वस्ने दिनभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष वा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले सभाका सबै सदस्यलाई पठाउनु पर्नेछ।

**(५) सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।**

(६) सभाको बैठकको अध्यक्षता अध्यक्ष वा प्रमुखले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा उपप्रमुखले गर्नेछ। (७) सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा सभाको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ।

(९) प्रमुख प्रशासकीय अधिकृतले सभाको सचिव भई काम गर्नेछ।

(१०) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(११) यस दफामा रहेको व्यवस्था प्रदेश कानूनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसमम्म मात्र लागू हुनेछ।**

**मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५**

**सभाको गणपूरक सङ्ख्याः** यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक बैठकमा सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन।

**पचरौता नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५**

**सभाको गणपूरक संख्याः** (१) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम गणपूरक संख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र अर्को बैठकका लागि दफा ३ बमोजिम सूचित गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणपूरक संख्या नपुगेमा दुई दिनभित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम सूचना गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पुनः सूचना गर्दा गणपूरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ।

**पचरौता नगरपालिकाको नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(५),(६) र (७)**

(५) कार्यपालिकाको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ।

(६) उपनियम (५) मा जुनकुनै कुरा लेखिएको भए तापनि उपनियम (४) बमोजिमको सुचना हुँदाहुँदै पनि ५१ प्रतिशत सदस्य उपस्थित नभई गणपूरक संख्या पुग्न नसकेमा दोस्रो पटकको बैठकमा एक चौथाई सदस्य उपस्थित भएमा पनि बैठक बस्न सक्नेछ।

(७) कार्यपालिकाको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२०.माथि उल्लेख गरिएको व्यवस्था हेर्दा संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(५) र १७(२) मा स्थानीय तहको सभा र कार्यपालिकाको बैठक बस्न पचास प्रतिशत भन्दा बढि सदस्य उपस्थित हुनु पर्ने मात्र उल्लेख गरेको देखिन्छ। यसरी बोलाइएको सभा वा कार्यपालिकाको बैठकमा पचास प्रतिशत नपुगेमा सभा वा बैठक के कसरी अगाडि बढ्छ भन्ने बारेमा कुनै व्यवस्था गरिएको पाइदैन ।साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(११) मा **"यस दफामा रहेको व्यवस्था प्रदेश कानूनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसम्म मात्र लागू हुनेछ"** भन्ने उल्लेख भएबाट स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ संघीयता लागू भएको निश्चित अवधिसम्मको लागि अर्थात् सम्बन्धित प्रदेशले सभा सञ्चालन सम्बन्धी कानून नबनाएसम्म मात्र लागू हुने देखिन्छ।

२१.प्रस्तुत विवादको सन्दर्भमा हेर्दा मधेश प्रदेशले मिति २०७७।६।२५ मा गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बनाई जारी गरेको देखिन्छ। उक्त ऐन लागू भएपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को माथि उल्लिखित व्यवस्थाबाट मधेश प्रदेशका स्थानीय तहको हकमा दफा १९ को व्यवस्था कायम नरहने देखियो। मधेश प्रदेशको स्थानीय तहहरुको हकमा हाल लागू नहुने कानूनसँग पचरौता नगरपालिकाले बनाएको कानून बाझिए वा नबाझिएको भनी विवेचना गरिरहनु पर्ने देखिएन। तसर्थ प्रस्तुत विवादमा विवादित नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) मा रहेको व्यवस्था प्रदेश कानूनको दफा ५ सँग बाझिएको हो वा होइन, नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६) को व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) र नेपालको संविधानसँग बाझिएको हो वा होइन भन्नेमा मात्र विवेचना गर्नुपर्ने देखियो।

२२.सो सन्दर्भमा हेर्दा पचरौता नगरपालिकाले निर्माण गरेको माथि उल्लिखित कानूनी व्यवस्था हेर्दा नगर सभाको हकमा पचास प्रतिशत भन्दा बढि र नगर कार्यपालिकाको हकमा एकाउन्न प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानेको पाइन्छ। यो व्यवस्था सम्बन्धमा पचास प्रतिशत भन्दा बढि सदस्यको उपस्थिति हुनुपर्ने मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५ को व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐनको दफा १७(२) सँग मिल्दोजुल्दो नै रहेको पाइन्छ। तर सो भन्दा अघि बढेर नगरपालिकाको कानूनले सो संख्याको उपस्थिति हुन नसकेमा त्यसपछि बोलाइएको बैठकमा पच्चीस प्रतिशत उपस्थिति भए पनि बैठक बस्न सक्ने उल्लेख गरेको देखिन्छ। स्थानीय तहले बनाएको कुनै कानून प्रदेशले बनाएको कानूनसँग बाझियो भन्नको लागि प्रदेशले बनाएको कानूनको व्यवस्थाको विपरीत व्यवस्था स्थानीय तहले बनाएको कानूनमा गरिएको हुनुपर्छ। यहाँ संघ र मधेश प्रदेशले बनाएको कानून विपरीत पचरौता नगरपालिकाले कानून बनाएको नभई संघ र मधेश प्रदेशको माथि उल्लिखित ऐनले

नसमेटेको क्षेत्र अर्थात् गणपूरक संख्याको विषयलाई समेटी स्थानीय तहले कानून बनाएको देखिँदा र सो कार्य तुलनात्मक संवैधानिक कानूनको अध्ययनबाट समेत लोकतान्त्रिक परिपाटि र मान्यता अनुरुप नै देखिँदा पचरौता नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५ र पचरौता नगरपालिकाको नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को दफा १०(६) को व्यवस्था प्रदेश कानूनसँग बाझियो भन्न मिल्ने देखिएन।

२३. प्रस्तुत विवादमा संघीय र प्रदेश कानूनले स्थानीय तहको सभा, कार्यपालिकाको बैठक सञ्चालन गर्दा गणपूरक संख्या पचास प्रतिशत हुने भनी उल्लेख गरे पनि बैठकमा गणपूरक संख्या पटक-पटक नपुगी बैठक नै बस्न नसक्ने स्थिति (Deadlock) आएमा के हुने भन्ने संघीय कानून र प्रदेश कानून मौन रहेको अवस्था छ। सोही कुरालाई निकास दिन नगरपालिकाको कानूनले पचास प्रतिशत सदस्य उपस्थित नभएमा पुन बैठक बोलाउने र सोमा पनि गणपूरक संख्या नपुगे त्यसपछि बोलाइएको बैठकमा पच्चीस प्रतिशत सदस्य उपस्थित भए पनि बैठक बस्ने भनी अन्तिम विकल्प दिएको देखिन्छ। यसरी नगरपालिकाको कानूनले प्रदेश कानूनको व्यवस्थालाई नै मूल नियम मानी Deadlock फुकाउने उपायको रुपमा मात्र पच्चीस प्रतिशतको व्यवस्था गरेको छ। नगरपालिकाको कानूनले नगर सभा र कार्यपालिका बैठकमा सहभागिताको पर्याप्त मौका प्रदान गरेको नै देखिन्छ। बोलाइएको बैठकमा नै पचास प्रतिशत सदस्य उपस्थित भएमा दोस्रो विकल्पमा जानुपर्ने अवस्थासमेत देखिँदैन। तसर्थ पचरौता नगरपालिकाले बनाएको कानूनले प्रदेश र संघीय कानून भन्दा प्रतिकूल व्यवस्था नगरी प्रदेश र संघीय कानूनमा रहेको व्यवस्थालाई नै थप स्पष्टसम्म पारी कानून कार्यान्वयन गर्दा आइपर्ने समस्यालाई सम्बोधनसम्म गरेको देखियो।

२४. यसै सन्दर्भमा नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम बनेका विभिन्न प्रदेशका कानूनको तुलनात्मक अध्ययन गर्दा स्थानीय तहको सभा सञ्चालन सम्बन्धी गणपूरक संख्याबारे विविध व्यवस्था रहेको देखिन्छ। उदाहरणको लागि, प्रदेश १ र कर्णाली प्रदेशले एक तिहाई सदस्य उपस्थित भए पनि बैठक बस्न सक्ने तथा बागमती प्रदेशले एक चौथाई भए गणपूरक संख्या पुग्ने व्यवस्था गरेको पाइन्छ[16]। मधेश प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशले बैठक बस्नको लागि पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित नभएमा के हुने भन्ने बारे कुनै व्यवस्था नगरी मौन रहेको देखिन्छ[17]। गण्डकी प्रदेशले आफूले बनाएको कानूनमा गणपूरक संख्या नतोकी सभा सञ्चालन सम्बन्धी अन्य प्रक्रिया स्थानीय सभाले निर्धारण गरे

---

[16] प्रदेश १ को गाउँसभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १४ तथा कर्णाली प्रदेशको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १४

[17] मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५, लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ५ र सुदुरपश्चिम प्रदेशको गाउँ सभा र नगर सभा (कार्य सञ्चालन) ऐन, २०७५ को दफा ५

बमोजिम हुने भन्ने प्रावधान राखेको देखिन्छ[18]। गणपूरक संख्या पहिलो पटक बोलाइएको बैठकको लागि पचास प्रतिशत भन्दा बढी हुनु पर्ने भनी प्रायः सबै प्रदेशमा एकै खाले व्यवस्था भए पनि सो संख्या पुग्न नसकेमा दोस्रो वा तेस्रो बैठकमा गणपूरक संख्या के हुने भन्ने स्पष्ट व्यवस्था नगरेको तर कुनै कुनै प्रदेशको कानूनले पटक-पटक सभाको बैठक बस्न नसकेमा पचास प्रतिशत भन्दा कमले पनि गणपूरक संख्या पुग्ने व्यवस्था गरेको देखिन्छ। यसरी हेर्दा पनि मधेश प्रदेशको कानूनले सभाको लागि आवश्यक संख्या नपुगी बैठक स्थगित भएमा दोस्रो वा तेस्रो पटकको बैठकको लागि गणपूरक संख्या नपुगेमा के गर्ने भन्ने विषयमा केही कुरा नबोलेको परिस्थितिमा पचरौता नगरपालिकाको नगरसभाले बनाएको माथि उल्लिखित नियमावली र नगरपालिकाको कार्यपालिकाको बैठकको लागि बनाएको कार्यविधि संविधान वा प्रदेश कानून विपरीत भयो भन्न मिल्ने देखिएन।

२५. पचरौता नगरपालिकाले बनाएको कानून अलोकतान्त्रिक भएको भन्ने जिकिर पनि निवेदकहरुले रिट निवेदनमा लिएको पाइन्छ। ज्ञातव्य के छ भने लोकतान्त्रिक शासन पद्धतिमा कुनै पनि सभाको दायित्व विधिपूर्वक आफ्ना सदस्यहरुलाई बैठकको सूचना दिनु हुन्छ भने सभाका सदस्यहरुको दायित्व विधिपूर्वक दिइएको सूचना अनुसार सभामा उपस्थित रहनु हुन्छ। जनताको आवाजलाई सभासम्म पुऱ्याई, छलफल गरी कानून बनाई सुशासनको प्रात्यभूति दिलाउनु नै निर्वाचित प्रतिनिधिको दायित्व हुने भएबाट समेत विधिपूर्वक बोलाइएको बैठकमा विना कारण उपस्थित नहुने तर कानूनले सभाको निरन्तरताको लागि गरेको वैकल्पिक व्यवस्थालाई अलोकतान्त्रिक भयो भन्न मिल्ने देखिदैन। विवादित कानूनी व्यवस्थाले बहुमतको बैठक बस्ने बाटो खुला नै राखी सो संख्या नपुगेको कारणले बैठक बस्न नसकेको अवस्थामा मात्र बैठकको निरन्तरताको लागि वैकल्पिक व्यवस्था गरेको हुँदा सामान्य अवस्थामा पचास प्रतिशत भन्दा बढि सदस्य उपस्थित भई बैठक सञ्चालन हुन सक्ने नै हुँदा पच्चीस प्रतिशत सदस्यले सभालाई नियन्त्रण गर्ने अवस्थासमेत देखिँदैन। यस दृष्टिबाट समेत पचरौता नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) मधेश प्रदेशको गाउँ सभा/ नगरसभा/ जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ र नेपालको संविधानमा रहेको लोकतान्त्रिक मूल्य मान्यता प्रतिकूल रहेको मान्न मिल्ने देखिएन।

२६. अब **रिट निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन?** भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा माथिका प्रकरणहरुमा विवेचना भएअनुसार संविधानले स्थानीय तहको सभा र कार्यपालिका बैठकको लागी गणपूरक संख्या नतोकेको, सभा र कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कानून बनाउने अधिकार संविधानले स्थानीय तहमा प्रदान गरेकोले सो सम्बन्धी कानून बनाउन प्रत्यर्थी कार्यपालिका स्वतन्त्र रहेको, नगरपालिकाको कानून स्पष्ट रुपमा प्रदेश र संघीय कानूनसँग विपरीत नरही सो कानूनले गरेको व्यवस्थालाई नै थप प्रष्ट पार्ने कार्यसम्म

[18] गण्डकी प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा २८

गरेको, प्रत्यर्थी नगरपालिकाले बनाएको कानून लोकतान्त्रिक मान्यता तथा गणपूरक संख्या बारे तुलनात्मक संवैधानिक कानून वा सो सम्बन्धी अवधारणाको विपरीत रहेको नदेखिएको समेतको अवस्था हुँदा पचरौता नगरपालिकाले बनाएको नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ५(४) र नगरकार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ को दफा १०(६) को व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(२) र दफा १९(५), मधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५ तथा नेपालको संविधानसँग बाझिएको देखिएन। तसर्थ सो व्यवस्थालाई अमान्य र बदर घोषित गर्न र नगरपालिकाको उक्त कानूनी व्यवस्था बमोजिम भएको मिति २०७९।३।७ समेतको नगर कार्यपालिकाको निर्णय आदि बदर गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। मिति २०७९।९।१३ मा जारी अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुन्छ। अरु तपसिल बमोजिम गर्नू।

**<u>तपसिल</u>**

(क) रिट निवेदन खारेज हुने ठहरेकाले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५ को उपनियम (३) बमोजिम निवेदकले निवेदन दर्ता गर्दा रसिद नं. ६३२९ मिति २०७९।५।१६ अनुसार यस अदालतमा राखेको धरौटी रु.५,०००।- सदर स्याहा गर्नु भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू।

(ख) प्रस्तुत आदेशको प्रतिलिपिसहित जानकारीका लागि महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाई दिनू।

(ग) प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, निवेदन दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(आनन्दमोहन भट्टराई)
न्यायाधीश

उक्त रायमा सहमत छौं।

न्यायाधीश न्यायाधीश न्यायाधीश का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृत : अन्जनराज सापकोटा
अनुसन्धान सहयोगी(इन्टर्न): प्राञ्जली कडेल
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०७९ साल चैत्र २९ गते रोज ४ शुभम् ........................................।